जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ६० २०८३ साल असार ०१ गते, सोमबार Monday, June.– 15 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## सीमा क्षेत्रमा तस्करी मौलाएको स्थानीयको आरोप, विभिन्न समूह र व्यक्तिहरूको संलग्नता भएको दाबी

***संवाहक सम्वादाता**-३१ जेष्ठ, कलैया*

नेपाल-भारत सीमावर्ती क्षेत्रमा तस्करी गतिविधि व्यापक रूपमा बढेको स्थानीयवासीले आरोप लगाएका छन्। कपडा, खाद्यान्न, बीउबिजन, चकलेट, काजु-किसमिस लगायतका सामग्रीको अवैध ओसारपसार विभिन्न नाकाबाट खुलेआम हुने गरेको दाबी उनीहरूको छ।



स्थानीय स्रोतहरूका अनुसार सिम्रौनगढ, पिपरपाती, कवहीगोठ, मटिअर्वा, मुसहर्वा र छतवा लगायतका नाकाहरूलाई केन्द्र बनाएर लामो समयदेखि संगठित रूपमा तस्करी सञ्चालन भइरहेको आरोप छ।

स्थानीयहरूले नाम नै उल्लेख गर्दै विभिन्न व्यक्ति तथा समूहहरू तस्करी गतिविधिमा संलग्न रहेको आरोप लगाएका छन्। उनीहरूका अनुसार कपडा तस्करीमा भोला भन्ने व्यक्तिको समूह सक्रिय रहेको, फर्सीको बीउ कारोबारमा कुशवाहा समूह संलग्न रहेको तथा चकलेट, काजु-किसमिस जस्ता सामग्रीको अवैध कारोबारमा भारततर्फका अर्बिन्द साह र उपेन्द्र समूहको नाम जोडिएको दाबी गरिएको छ।

त्यसैगरी पिपरपाती र कवहीगोठ क्षेत्रमा कपडा तथा खाद्यान्नजन्य वस्तुको अवैध ओसारपसारमा खेन्ना समूह सक्रिय रहेको, मटिअर्वा क्षेत्रमा मोजामिल समूह तथा मटर र अन्य सामग्रीको कारोबारमा दिपक समूहको नाम स्थानीयले उल्लेख गरेका छन्।

मुसहर्वा र छतवा क्षेत्रमा भारत-नेपाल दुबै पक्षका समूह संलग्न रहेको र विभिन्न ग्रामीण मार्ग प्रयोग गरी सामान ओसारपसार

बाँकी तेस्रो पृष्ठमा

## चीनस्थित नेपाली डायस्पोरालाई मन्त्री खनालको आह्वान : "नेपाल निर्माणमा साझेदार बन्नुहोस्"

***काठमाडौं, जेठ ३१***

सरकारले विदेशमा रहेका नेपालीको सीप, अनुभव र लगानीलाई देश विकासमा उपयोग गर्ने नीति अघि बढाइरहेका बेला उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी खनाल ले चीनस्थित नेपाली डायस्पोरालाई नेपाल निर्माणको अभियानमा सक्रिय साझेदार बन्न आह्वान गरेका छन्।




चीनमा रहेका नेपाली समुदायसँगको अन्तरक्रियामा मन्त्री खनालले नेपाल र चीनबीचको आर्थिक, व्यापारिक तथा पर्यटन सम्बन्ध विस्तारमा डायस्पोराको भूमिका महत्वपूर्ण हुन सक्ने बताए। उनले चीनमा बसेर ज्ञान, सीप, प्रविधि र व्यावसायिक अनुभव हासिल गरेका नेपालीहरूले त्यसलाई मातृभूमिको हितमा प्रयोग गर्नुपर्नेमा जोड दिए।

नेपाल र चीनबीच बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न, लगानी आकर्षित गर्न तथा पर्यटन प्रवर्द्धनमा डायस्पोरा समुदायले 'सेतु'को भूमिका खेल्न सक्ने उनको भनाइ थियो। चीनको बजार, प्रविधि र लगानीलाई नेपालसँग जोड्न सकिए दुवै देशबीचको सहकार्य अझ प्रभावकारी बन्ने उनले विश्वास व्यक्त गरे।

"रोम एकै दिनमा बनेको थिएन, त्यसैगरी नेपाल पनि केही व्यक्तिले एकै दिनमा बनाउन सक्दैनन्। नेपालभित्र र बाहिर रहेका सम्पूर्ण नेपालीहरूको सामूहिक प्रयासबाट मात्र समृद्ध राष्ट्र निर्माण सम्भव छ," मन्त्री खनालले भने।

उनले विदेशमा रहेका नेपालीको लगानी, ज्ञान र अनुभवलाई देशभित्र भित्र्याउन सरकार सकारात्मक रहेको उल्लेख गर्दै

बाँकी दोस्रो पृष्ठमा

## प्रभु साहको टिप्पणी: "गर्जिने बादलले वर्षा गर्दैन, बालेन सरकार असफल"

***संवाहक सम्वादाता**-३१ जेष्ठ, कलैया*

आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार सुशासन, राष्ट्रियता र जनअपेक्षाअनुसार काम गर्न असफल भएको आरोप लगाएका छन्।



वीरगञ्जमा आयोजित मधेस प्रदेश विस्तारित बैठकलाई सम्बोधन गर्दै उनले सरकार सुरुमा ठूलो आशा जगाए पनि अहिले जनतामा निराशा बढेको दाबी गरे।

उनले "गर्जिने बादलले वर्षा गर्दैन" भन्ने उखान प्रयोग गर्दै सरकारले सुशासनका नाममा ठूलो भाषण गरे पनि व्यवहारमा कुनै ठोस परिवर्तन नदेखिएको टिप्पणी गरे।

साहका अनुसार सरकारी सेवा प्रवाह सुधार्ने दाबी भए पनि उल्टै सेवाग्राहीले झन् समस्या भोग्नुपरेको छ। करार कर्मचारी हटाउने भनिए पनि व्यवहारमा त्यसको उल्टो भएको उनको आरोप छ। त्यसैगरी उनले बजेट नीति पनि गरिब, बेरोजगार र विकासमुखी नभएको भन्दै आलोचना गरे। विकास बजेट घटाइएको र उद्योग प्रवर्द्धनभन्दा

बाँकी तेस्रो पृष्ठमा

## गंजभवानीपुरमा ठूलो मात्रामा घरेलु मदिरा नष्ट

***संवाहक सम्वादाता**-३१ जेष्ठ, कलैया*

बारा प्रहरीले अवैध रूपमा सञ्चालन हुँदै आएका घरेलु मदिरा भट्टीहरूमा छापा मारेर ठूलो परिमाणमा मदिरा उत्पादनका लागि तयारी अवस्थामा राखिएको कच्चा पदार्थ नष्ट गरेको छ।



जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शनिबार अपराह्न करिब ४ बजे जिल्ला प्रहरी कार्यालय बारा र प्रहरी चौकी गञ्जभवानिपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले महागढीमाई नगरपालिका-३ ग्वास टोल तथा वडा नम्बर १० गञ्जभवानिपुर क्षेत्रमा सञ्चालनमा रहेका नौ वटा अवैध मदिरा भट्टीमा कारबाही गरेको हो।

कारबाहीका क्रममा मदिरा उत्पादनका लागि तयारी अवस्थामा राखिएको करिब ६ हजार ५०० लिटर कच्चा पदार्थ बरामद गरी नष्ट गरिएको प्रहरीले जनाएको छ। नष्ट गरिएको कच्चा पदार्थको अनुमानित मूल्य करिब ३ लाख ९० हजार रुपैयाँ रहेको बताइएको छ।

स्थानीय भद्रभलादमीहरूको रोहवरमा उक्त कच्चा पदार्थ नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्जका स्वास्थ्य संस्था : सेवा विस्तारसँगै मापदण्ड कार्यान्वयनमाथि प्रश्न

***संवाहक संवाददाता***
***वीरगञ्ज, जेठ ३१***

पर्साको वीरगञ्जमा पछिल्ला वर्षहरूमा स्वास्थ्य सेवाको पहुँच विस्तार भए पनि सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू मापदण्डअनुसार छन् वा छैनन् भन्ने विषयमा गम्भीर प्रश्न उठ्न थालेको छ।




वीरगञ्जलाई पर्सा, बारा र रौतहटका नागरिकहरूको प्रमुख उपचार केन्द्रका रूपमा विकास हुँदै गएको छ। यहाँ हाल करिब ४० देखि ४५ वटा साना-ठूला अस्पताल, नर्सिङ होम र पोलिक्लिनिक सञ्चालनमा रहेका छन्। स्वास्थ्य सेवाको विस्तार सकारात्मक भए पनि सेवा गुणस्तर, पूर्वाधार र नियमन प्रणाली प्रभावकारी नदेखिएको सरोकारवालाहरूको गुनासो छ।

कानूनी व्यवस्था अनुसार स्वास्थ्य संस्थाले दक्ष जनशक्ति,

बाँकी तेस्रो पृष्ठमा

## "खान सर" प्रकरणका अभियुक्त विराटनगरमा मृत फेला, नेपाल बसाइ र मृत्यु दुवै रहस्यमय

***संवाहक सम्वादाता**-३१ जेष्ठ, कलैया*

भारतको चर्चित शैक्षिक संस्था 'खान ग्लोबल स्टडिज'मा भएको तोडफोड तथा झडप घटनाका अभियुक्त मानिएका भारतीय नागरिक विराटनगरको एक होटलमा मृत अवस्थामा फेला परेका छन्। घटनाले सीमा क्षेत्रदेखि बिहारको शैक्षिक र राजनीतिक वृत्तसम्म चासो बढाएको छ।



जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार भारतको बिहार राज्यका २४ वर्षीय प्रिन्स यादव शनिबार राति विराटनगरस्थित एक होटलमा अचेत अवस्थामा भेटिएका थिए। उपचारका लागि न्यूरो अस्पताल लैजाँदै गर्दा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरी अनुसन्धानबाट यादव बिहारका शैक्षिक व्यवसायी रोशन आनन्दका भाइ रहेको खुलेको छ। गत जेठ १९ गते पटनास्थित ज्ञानबिन्दु जीएस एकेडेमी र 'खान सर' भनेर परिचित फैसल खानद्वारा सञ्चालित खान ग्लोबल स्टडिजबीचको विवाद हिंसात्मक बनेको थियो। उक्त घटनामा तोडफोड, झडप र गोली चलेको आरोप लागेको थियो। सोही घटनापछि फैसल खानले प्रिन्स

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## बाराबाट हुलाकको नयाँ अभ्यास हब राहदानी घरदैलो मै

सार्वजनिक सेवामा सुधारको चर्चा नेपालमा धेरै हुने गर्छ, तर नागरिकले प्रत्यक्ष अनुभूति गर्ने परिवर्तन भने कमै देखिन्छन्। यही परिवेशमा बारा जिल्लाले हुलाक सेवामार्फत राहदानी घरदैलोमै पुऱ्याउने व्यवस्था सुरु गरेर एउटा नयाँ अभ्यासको थालनी गरेको छ। यो केवल राहदानी वितरणको सेवा मात्र होइन, नागरिकसम्म राज्यको सेवा पुऱ्याउने सोचमा आएको परिवर्तनको प्रतीक पनि हो। राहदानी बनाउन आवेदन दिएपछि सेवाग्राहीले पुनः जिल्ला प्रशासन कार्यालय पुगेर राहदानी बुझ्नुपर्ने पुरानो व्यवस्था थियो। यसका लागि समय, खर्च र झन्झट तीनवटै व्यहोर्नुपर्थ्यो। विशेषगरी ग्रामीण क्षेत्रका नागरिक, ज्येष्ठ नागरिक, विद्यार्थी तथा वैदेशिक रोजगारीमा जान लागेका युवाका लागि यो थप असहज हुने गरेको थियो। अब भने बारा हुलाक कार्यालयले राहदानी सेवाग्राहीकै घरसम्म पुऱ्याउने जिम्मेवारी लिएपछि नागरिकले प्रत्यक्ष राहत महसुस गर्न थालेका छन्।

यो सेवा सुरु हुनुको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सरकारी सेवाको स्वरूपमा आएको परिवर्तन हो। विगतमा नागरिक सेवा लिन कार्यालय धाउने गर्थे, अब सेवा नागरिकको घरदैलोमा पुग्न थालेको छ। सुशासनको वास्तविक अर्थ पनि यही हो–नागरिकलाई सहज, सरल र पहुँचयोग्य सेवा प्रदान गर्नु। बारा हुलाक कार्यालयले सुरु गरेको यो पहलले हुलाक सेवाको नयाँ सम्भावना पनि उजागर गरेको छ। प्रविधिको विकाससँगै परम्परागत हुलाक सेवाको भूमिका खुम्चिँदै गएको अवस्थामा राहदानी वितरणजस्तो जिम्मेवारीले हुलाक संस्थाको उपयोगिता र विश्वसनीयतालाई नयाँ ढंगले स्थापित गरेको छ। राज्यले चाहेको खण्डमा देशभर फैलिएको हुलाक सञ्जाललाई नागरिक सेवाको प्रभावकारी माध्यम बनाउन सकिन्छ भन्ने सन्देश पनि यसले दिएको छ। यद्यपि, राहदानी संवेदनशील दस्तावेज भएकाले वितरण प्रक्रियामा सुरक्षा, गोपनीयता र जवाफदेहितालाई उच्च प्राथमिकतामा राख्नुपर्नेछ। सेवाको दायरा बढ्दै जाँदा गुणस्तर र विश्वसनीयता कायम राख्नु नै सबैभन्दा ठूलो चुनौती हुनेछ। बाराबाट सुरु भएको यो अभ्यास सफल भए देशका अन्य जिल्लाका लागि पनि अनुकरणीय मोडल बन्न सक्छ। सार्वजनिक सेवालाई कार्यालयको चार पर्खालबाट बाहिर निकालेर नागरिकको घरदैलोमा पुऱ्याउने अभियानको सुरुवातका रूपमा यसलाई लिनुपर्छ। बारा हुलाकले थालेको राहदानी घरमै पुऱ्याउने सेवा एउटा सानो प्रशासनिक सुधार जस्तो देखिए पनि यसको प्रभाव दूरगामी हुन सक्छ। यसले नागरिकलाई सुविधा मात्र दिएको छैन, राज्यप्रतिको विश्वास पनि बढाउने सम्भावना बोकेको छ। अब आवश्यक छ–यो सेवालाई निरन्तर, सुरक्षित र प्रभावकारी बनाउँदै देशव्यापी विस्तार गर्ने प्रतिबद्धता।

# सामाजिक न्यायसहितको विकास

> विकास प्रक्रियालाई जनकेन्द्रित र दिगो बनाउन सङ्घीय प्रणालीका तिनै तहका सरकारले संविधानमा उल्लिखित सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्त अनुसार आआफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक छ।






डा. ठाकुरप्रसाद भट्ट

स्थायित्वको अपेक्षासहित जनताले निर्वाचित गरेको शक्तिशाली सरकारले कसरी काम गर्छ र विकासलाई जनहितमा कसरी अघि बढाउँछ भन्ने विषय अहिले सर्वत्र चासोको विषय बनेको छ । विगतको अनुभवले देखाएको छ कि केवल सरकारका नीति, कार्यक्रम र बजेट भाषणका आधारमा मात्र नागरिकमा सरकारप्रति विश्वास पैदा हुँदैन । विकास सरल विषय होइन; यो बहुआयामिक र जटिल प्रक्रिया हो । विकास सहज र सरल हुने भए नेपाल जस्ता मात्र होइन, विश्वका धेरै देश लामो समयसम्म विकासको दौडमा पछाडि पर्ने थिएनन् । विकासलाई जनहितमुखी, दिगो र प्रभावकारी बनाउँदै सर्वसाधारणको जीवनमा सकारात्मक परिवर्तन ल्याउन विकासका चुनौतीको यथार्थ पहिचान गर्नु पर्छ । ती चुनौतीको समाधानका लागि उपयुक्त नीति, योजना र कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी सरकारको हो ।

विकासको पहिलो चुनौती भनेको विकासप्रतिको दृष्टिकोण र बुझाइमा स्पष्टता नहुनु हो । कस्तो विकास गर्ने, कसका लागि गर्ने र कसरी गर्ने भन्ने विषयमा सुरुदेखि नै स्पष्ट हुन आवश्यक छ । विकास सबैका लागि हुने, तटस्थ हुने र यसबाट सबैले समान लाभ प्राप्त गर्नु पर्छ भन्ने छ । विश्वव्यापी अनुभवले विकास आफैँमा तटस्थ वा सबैका लागि समान रूपमा लाभदायक नहुने देखाएको छ । विकास बहुआयामिक र जटिल प्रक्रिया हो, जसका प्रभाव विभिन्न समूहमा फरक फरक हुन सक्छन् । कुनै देशमा सफल भएको विकासको दृष्टिकोण अर्को देशमा त्यत्तिकै प्रभावकारी नहुन पनि सक्छ । विकासका दृष्टिकोण, सिद्धान्त र प्रक्रियाबाट विश्वका अनुभव सिक्न सकिए पनि तिनलाई आफ्नै देशको अवस्था, आवश्यकता र प्राथमिकता अनुसार अनुकूलन गरी लागू गर्नु पर्छ ।

विकासबारेको दृष्टिकोण निर्माण गर्न नेपालको संविधानले स्पष्ट आधार प्रदान गरेको छ । संविधानको प्रस्तावनामा उल्लेख गरिएको 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने' लक्ष्यले हाम्रो विकासको दिशा निर्धारण गर्छ । संविधानले 'दिगो शान्ति, सुशासन, विकास र समृद्धि' लाई राष्ट्रको साझा आकाङ्क्षाका रूपमा स्वीकार गरेको छ । यिनै आधारभूत मूल्य, मान्यता र लक्ष्यलाई केन्द्रमा राखेर संविधानमा शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका मौलिक हक तथा आर्थिक-सामाजिक रूपान्तरणसम्बन्धी राज्यका निर्देशक सिद्धान्तको व्यवस्था गरिएको छ । संविधानका यी प्रावधान नै नेपालको विकास दृष्टिकोण, नीति र योजनाका आधार हुन् । संविधान अनुसार गठन हुने कुनै पनि सरकारले विकासका नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा यिनै संवैधानिक मार्गदर्शनलाई आधार बनाउनु पर्छ । देश र जनताको वास्तविक आवश्यकता, स्रोतसाधन र परिस्थितिको वस्तुगत विश्लेषण नगरी बाह्य सहयोगमा अत्यधिक निर्भर भई अल्पकालीन लाभ वा सस्तो लोकप्रियताका लागि सञ्चालन गरिएका विकास प्रयासले अपेक्षित परिणाम दिन सक्दैनन् । विगतका अनुभवले यस्ता प्रयासको लाभ आम नागरिकसम्म प्रभावकारी रूपमा नपुग्ने तथ्य स्पष्ट पारेका छन् ।

विकासको सोच र दृष्टिकोणमा स्पष्टता आएपछि अर्को प्रमुख चुनौती जनताका आवश्यकता र प्राथमिकताको सही पहिचान गर्न नसक्नु हो । पछिल्लो चरणमा हामीले यही यथार्थ भोग्दै आएका छौँ । हाम्रो ध्यान भौतिक पूर्वाधारको विकासमा एकाङ्गी रूपमा केन्द्रित हुन पुग्यो । यसको अर्थ भौतिक पूर्वाधारको विकास आवश्यक थिएन भन्ने होइन तर विकासलाई केवल यही नै हो भन्ने भाष्य स्थापित हुँदा विकास एकपक्षीय र असन्तुलित बन्न पुग्यो । फलस्वरूप उत्पादन र रोजगारीका क्षेत्र पछाडि परे भने शिक्षा, स्वास्थ्य जस्ता जनताका आधारभूत सेवामा राज्यको पर्याप्त ध्यान पुग्न सकेन । यस अवस्थाको मूल कारण जनताका वास्तविक आवश्यकता पहिचान गरी तदनुसार विकासका नीति तथा योजना तर्जुमा गर्न नसक्नु हो । सरकारको मुख्य जिम्मेवारी सर्वसाधारण जनताको आवश्यकता र चाहनाको वस्तुनिष्ठ विश्लेषण र पहिचान गर्ने हुनु पर्छ । यसका लागि अनुसन्धान तथा तथ्यमा आधारित विश्लेषण प्रणाली स्थापना गर्नु आवश्यक छ । यस्तो प्रणालीले विकास प्रक्रियालाई समाजका टाठाबाठा र स्वार्थ समूहहरूको अनुचित प्रभावबाट मुक्त गर्दै जनमुखी र सन्तुलित विकासको आधार तयार गर्न सक्छ । सरकारसँग सधैँ स्रोतसाधनको सीमितता रहन्छ । यही सीमित स्रोतसाधनलाई देश र जनताका आवश्यकता तथा प्राथमिकताका आधारमा उचित रूपमा बाँडफाँट वा विनियोजन गर्नु एक महत्वपूर्ण चुनौती हो । यो कार्य आफैँमा जटिल भएकाले उच्चस्तरीय आर्थिक विश्लेषण र दक्षताको आवश्यकता पर्छ । स्रोतसाधनको उचित विनियोजन हुन नसक्दा विगतमा धेरै योजना वित्तीय अभावका कारण बर्सौंसम्म अधुरा रहेका उदाहरण छन् । अर्कातर्फ, पहुँच र प्रभावका आधारमा कम प्राथमिकताका योजनामा समेत बजेट विनियोजन हुने प्रवृत्ति छ । वैज्ञानिक आधार र स्पष्ट प्राथमिकताभन्दा बाहिर गई हचुवाका भरमा गरिने स्रोतसाधनको वितरणले विकासलाई असन्तुलित र कम प्रभावकारी बनाएको छ । यस्तो प्रवृत्तिको अन्त्य गर्दै सरकारले सीमित स्रोतसाधनको न्यायपूर्ण, पारदर्शी र वैज्ञानिक ढङ्गले विनियोजन गर्ने प्रणाली स्थापना गर्नु आवश्यक छ ।

हाम्रो विगतको अभ्यासमा केही मेगा योजना र 'गेम चेन्जर' योजनाको नाममा समग्र योजना प्रणालीलाई उपेक्षा गर्ने प्रवृत्ति छ । सस्तो लोकप्रियता, भौतिक पूर्वाधारमा अत्यधिक जोड, राजनीतिक स्वार्थ र पहुँचका कारण स्थानीय तहदेखि जनसहभागितामा आधारित योजना प्रणालीको विकास प्रभावकारी रूपमा हुन सकेको छैन । सङ्घीयता कार्यान्वयनपछि तीन तहका सरकारबिच आवश्यक समन्वय र सहकार्य अभावका कारण राष्ट्रिय विकासको समग्र उद्देश्यमा आधारित एकीकृत योजना तर्जुमा गर्न सकिएको छैन । यी सबै पक्षलाई ध्यानमा राख्दै भरपर्दो तथ्याङ्क प्रणालीमा आधारित योजना तर्जुमा गर्ने प्रक्रियामा सरकारको सशक्त र प्रभावकारी भूमिका आवश्यक छ ।

योजना तर्जुमा जति राम्रो भए पनि यसको प्रभावकारी कार्यान्वयन नभए त्यसको कुनै अर्थ रहँदैन । हाम्रो सन्दर्भमा योजना तर्जुमाभन्दा कार्यान्वयन अझ बढी चुनौतीपूर्ण विषय बन्दै आएको छ । यस सम्बन्धमा सबैभन्दा कमजोर पक्ष कार्यान्वयनमा स्पष्ट र कडा जवाफदेहिताको अभाव रहनु हो । कुनै योजना सम्पन्न हुन नसक्दा कुन तहमा, कसको जिम्मेवारी पूरा नभएकाले त्यसो भयो भन्ने स्पष्ट पहिचान र त्यसका लागि सम्बन्धित निकाय तथा अधिकारीलाई जवाफदेही बनाउने व्यवस्था प्रायः कमजोर रहने गरेको छ । विकास योजनासँगै कार्यान्वयनको ठोस कार्ययोजना निर्माण गर्नु सरकारको महषवपूर्ण जिम्मेवारी हो । यसका लागि विकास नीति, कार्यक्रम र योजनाको नियमित अनुगमन र मूल्याङ्कन अनिवार्य हुन्छ । निरन्तर अनुगमन र मूल्याङ्कनको अभ्यासले कार्यान्वयनमा देखिएका कमजोरी समयमै पहिचान गरी सुधार गर्न मात्र होइन, भविष्यका लागि महत्वपूर्ण सिकाइसमेत प्रदान गर्छ । हाम्रो अभ्यासमा एउटै प्रकृतिका कार्यान्वयनसम्बन्धी समस्या दोहोरिरहने प्रवृत्ति देखिन्छ, जसको मुख्य कारण प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको अभाव हो ।

विकासविद्का अनुसार कतिपय देश विकासमा पछाडि पर्नुको मुख्य कारण स्रोतसाधनको अभाव नभई दक्ष, सक्षम र प्रभावकारी संस्थाको कमी हो । जनताका आवश्यकता र प्राथमिकताको पहिचानदेखि योजना तर्जुमा र कार्यान्वयनसम्मका सम्पूर्ण चरणका लागि विशिष्टीकृत संस्थाको आवश्यकता हुन्छ । उदाहरणका लागि नीति तथा योजना तर्जुमा, तथ्याङ्क सङ्कलन र विश्लेषण, अनुगमन तथा मूल्याङ्कनका साथै आवश्यक अनुसन्धान गरी सुझाव दिने सशक्त र प्रभावकारी संस्थागत व्यवस्था आवश्यक छ । यसका लागि देशमा रहेका विश्वविद्यालय तथा अनुसन्धान संस्थासँग समन्वय र सहकार्य गरी उनीहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने स्पष्ट नीति सरकारले अवलम्बन गर्नु पर्छ । यसो गर्न सके मात्र विकासलाई देशको आवश्यकता र प्राथमिकता अनुसार व्यवस्थित, संस्थागत र दिगो रूपमा अघि बढाउन सकिन्छ । विकास प्रक्रियालाई जनकेन्द्रित र दिगो बनाउन सङ्घीय प्रणालीका तिनै तहका सरकारले संविधानमा उल्लिखित सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्त अनुसार आआफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक छ । एकात्मक शासनप्रणालीबाट सङ्घीय प्रणालीमा रूपान्तरण भए पनि विकास योजना तर्जुमा र कार्यान्वयनका क्रममा सङ्घ, प्रदेश र स्थानीय तहबिच अपेक्षित समन्वय अझै स्थापित हुन सकेको छैन । यसको परिणामस्वरूप विकास कार्यक्रममा दोहोरोपन र तेहेरोपन देखिनुका साथै सीमित स्रोतसाधनको प्रभावकारी परिचालन हुन सकेको छैन । देशको विकास दृष्टिकोण, प्राथमिकता र मूल उद्देश्यबारे तिनै तहका सरकारबिच साझा बुझाइ र साझा प्रतिबद्धता आवश्यक छ । सङ्घीय, प्रादेशिक र स्थानीय तिनै तहले आआफ्नो अधिकार क्षेत्रभित्र रही प्रभावकारी रूपमा योजना कार्यान्वयन गर्न सके मात्र देश योजनाबद्ध विकास, समृद्धि र सामाजिक न्यायको मार्गमा अग्रसर हुने छ ।

## चीनस्थित...

आवश्यक कानुनी तथा नीतिगत सहजीकरण गर्न सरकार प्रतिबद्ध रहेको बताए।

पछिल्लो समय सरकारले गैरआवासीय नेपाली तथा विदेशस्थित नेपाली समुदायलाई लगानी, उद्यमशीलता र प्रविधि हस्तान्तरणका क्षेत्रमा आकर्षित गर्ने प्रयास गरिरहेका बेला मन्त्री खनालको यो आह्वानलाई डायस्पोरा केन्द्रित आर्थिक कूटनीतिको सन्देशका रूपमा हेरिएको छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## कतारको प्रतिनिधिमण्डल तेहरानमा

***तेहरान, जेठ ३१ गते ।*** इरान र संयुक्त राज्य अमेरिकाबिचको युद्ध अन्त्य गर्ने मध्यस्थता प्रक्रियाको एक भागको रूपमा कतारको प्रतिनिधिमण्डल आइतबार तेहरान आइपुगेको इरानी मिडिया र एक कूटनीतिज्ञले पुष्टि गरेका छन् ।

इरानको समाचार एजेन्सी आइएसएनएले कतारका विदेशमन्त्रीका सल्लाहकारलाई कुटनीतिक वार्ताको पहल गर्न इरान पठाइएको जनाएको छ । इरानको अर्को समाचार एजेन्सी तस्निमले यो भ्रमणको उद्देश्य ‘कूटनीतिक प्रक्रियाका पछिल्ला घटनाक्रमलाई हेर्ने’ रहेको बताएको छ ।



कतारी वार्ताकार आज बिहान तेहरानतर्फ उडेका एक कूटनीतिज्ञले एएफपीसँग बताउनुभयो । नाम नबताउने सर्तमा ती कूटनीतिज्ञले भने, “प्रतिनिधिमण्डलले सम्झौतालाई अन्तिम रूप दिन सहयोग पुर्याउन इरान भ्रमण गरेको हो ।”

महिनौँदेखि जारी मध्यपूर्व युद्ध अन्त्यका लागि मध्यस्थताको नेतृत्व गर्दै आएको पाकिस्तान र संयुक्तराज्य अमेरिकाले आइतबार द्वन्द्व अन्त्यका लागि सहमतिमा हस्ताक्षर हुने सङ्केत गरेका छन्, यद्यपि, तेहरानले त्यो समयलाई लिएर शङ्का व्यक्त गरेको छ र इरानी मिडियाले फ्रेमवर्कमा अन्तिम निर्णय हुन बाँकी रहेको बताएका छन् ।

## अस्ट्रेलियाको विजयी सुरुवात

***काठमाडौँ, जेठ ३१ गते ।*** अस्ट्रेलियाले फिफा विश्वकपमा विजयी सुरुवात गरेको छ । समूह ‘डी’ अन्तर्गत आइतबार बिहान भएको खेलमा अस्ट्रेलियाले टर्कीलाई २-० गोलले हरायो ।

टर्कीमाथि एकपक्षीय प्रदर्शन गरेको अस्ट्रेलियालेले २७औँ मिनेटमा नेस्टोरी इरानकुन्डा र ७५औँ मिनेटमा कोनर मेटाकाल्फले गोल गर्नुभयो । पहिलो जितसँगै अस्ट्रेलियाले तीन अङ्क बनाएको छ । टर्कीले हारबाट विश्वकपको सुरुवात गरेको छ । यस समूहका आयोजक अमेरिकाले पनि तीन अङ्क बनाएको छ । अमेरिकाले पारावेलाई ४-१ गोलले हराएको थियो । यस्तै समूह ‘बी’ अन्तर्गत शनिबार राति भएको खेलमा कतार र स्विट्जरल्यान्डले १-१ गोलको बराबरी खेलेका छन् । खेलमा



सुरुवाती अग्रता स्विट्जरल्यान्डले लिएको थियो ।

१७औँ मिनेटमा ब्रिल एम्बोलोले पेनाल्टीमा गोल गर्दै टोलीको उत्साह जगाउनुभयो । तर दोस्रो हाफको इन्जुरी समयमा स्विट्जरल्यान्डका मिरो मुहेमको प्रहार आत्मघाती गोलमा परिणत भएपछि कतारको खुसी चुलिएको थियो ।

बराबरीसँगै दुवै टोलीले एक एक अङ्क बाँडेका छन् । यसअघि यसै समूहको पहिलो खेलमा क्यानडा र बोस्निया हर्जगोभिनाले पनि १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेका थिए ।

## खान सर...

यादवविरुद्ध प्रहरीमा एफआईआर दर्ता गराएका थिए।

घटनापछि उनी नेपाल प्रवेश गरेर विराटनगरमा लुकेर बसेको आशंका प्रहरीले गरेको छ। अनुसन्धानअनुसार यादव जेठ २० गते विराटनगर बसपार्कस्थित मेट्रोसिटी होटलमा बसेका थिए भने पछि शुभ होटलमा सरेका थिए। उनको मृत्यु पनि सोही होटलमा भएको हो।

घटनालाई थप रहस्यमय बनाउने पक्ष भनेको मृतकको टाउकोमा देखिएको चोट हो। प्रहरीका अनुसार चोटको प्रकृति र मृत्युको कारणबीच सम्बन्ध छ वा छैन भन्ने विषयमा अनुसन्धान जारी छ। पोस्टमार्टम रिपोर्ट नआएसम्म मृत्युको वास्तविक कारणबारे निष्कर्ष निकाल्न नसकिने बताइएको छ। प्रहरीले घटनाका सम्बन्धमा मृतकसँगै होटलमा बसिरहेका चार भारतीय नागरिकलाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ। उनीहरू बिहारका विभिन्न जिल्लाका बासिन्दा रहेको खुलेको छ। भारतमा आपराधिक आरोप सामना गरिरहेका एक युवक नेपाल आएर होटलमा बस्नु, केही दिनमै रहस्यमय अवस्थामा मृत्यु हुनु र टाउकोमा चोटको संकेत देखिनुले घटनालाई थप जटिल बनाएको छ। यसले सीमा पार आवतजावत, सुरक्षा निगरानी तथा अन्तरदेशीय अनुसन्धानका विषयमा समेत प्रश्न उठाएको छ।

हाल प्रहरीले मृतकका परिवारलाई जानकारी गराइसकेको छ भने घटनाको सबै पक्षमाथि अनुसन्धान भइरहेको जनाएको छ।

## गंजभवानीपुर...

बाराले जनाएको छ।

घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण नियन्त्रणका लागि प्रहरीको निगरानी र कारबाहीलाई निरन्तरता दिइने जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए।

## प्रभु साह...

निजीकरणतर्फ सरकार उन्मुख भएको उनको दाबी छ।

राष्ट्रियता र सीमा नीतिबारे पनि उनले प्रश्न उठाउँदै नागरिकता र सरकारी नियुक्ति सम्बन्धी नीतिहरू कमजोर रहेको टिप्पणी गरे।

वीरगञ्ज र मधेस प्रदेशलाई राज्यले उपेक्षा गरेको भन्दै उनले सुकुम्बासी तथा गरिब वर्गमाथि अन्याय भएको आरोप पनि लगाए।

अन्त्यमा साहले वर्तमान सरकार “जनताको अपेक्षाअनुसार काम गर्न असफल” भएको टिप्पणी गरेका छन्।

## वीरगञ्जका...

आपतकालीन सेवा, स्वच्छता, प्रयोगशाला सुविधा, फोहोरमैला व्यवस्थापन तथा न्यूनतम पूर्वाधार अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने प्रावधान छ। तर धेरै संस्थामा यी मापदण्डको प्रभावकारी कार्यान्वयन भएको छ वा छैन भन्नेबारे स्पष्ट अनुगमन प्रतिवेदन सार्वजनिक नभएको बताइन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश सरकार तथा स्थानीय तहका स्वास्थ्य शाखाहरूले नियमित अनुगमन गर्नुपर्ने जिम्मेवारी भए पनि व्यवहारमा निरीक्षण कमजोर रहेको सरोकारवालाहरूको आरोप छ। मापदण्ड उल्लंघन गर्ने संस्थामाथि कारबाहीको प्रक्रिया पनि प्रभावकारी नभएको गुनासो छ।

स्वास्थ्य क्षेत्रका विज्ञहरूका अनुसार स्वास्थ्य सेवा नाफामुखी मात्र नभई नागरिकको जीवनसँग प्रत्यक्ष सम्बन्धित संवेदनशील सेवा भएकाले यसको गुणस्तरमा कुनै सम्झौता गर्न मिल्दैन। उनीहरूले अनुगमन प्रणालीलाई सुदृढ बनाउँदै पारदर्शी मूल्याङ्कन आवश्यक रहेको बताएका छन्।

नागरिक समाजका प्रतिनिधिहरूले स्वास्थ्य संस्थाहरूको नियमित निरीक्षण गरी मापदण्ड पूरा नगर्ने संस्थालाई सुधार वा कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरेका छन्। साथै अनुगमनको नतिजा सार्वजनिक गरेर पारदर्शिता कायम गर्नुपर्ने उनीहरूको जोड छ।

स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार भएकाले वीरगञ्जका स्वास्थ्य संस्थाहरूको वास्तविक अवस्था सार्वजनिक गरी जिम्मेवार नियमन प्रणाली विकास गर्न सके मात्र गुणस्तरीय सेवा सुनिश्चित हुन सक्ने सरोकारवालाहरूको भनाइ छ।

## धुलोबाट...

स्थानीय युवाहरूले गाउँको मुख्य सडकमा जमेको धुलो र हिलो सफा गरेका थिए। सफाइ अभियानपछि पुनः धुलो प्रदूषण नबढोस् भन्ने उद्देश्यले ढुवानी नियन्त्रणको निर्णय गरिएको वडा कार्यालयले जनाएको छ।

स्थानीय बासिन्दाले पनि वातावरण संरक्षणका लागि सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताएका छन्। वडा कार्यालयले जारी सूचनाको बेवास्ता गरे आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ।

स्थानीय तहको यो कदमलाई विकास र वातावरणबीच सन्तुलन कायम गर्ने प्रयासका रूपमा हेरिएको छ। गाउँको स्वास्थ्य र स्वच्छतामाथि प्रत्यक्ष असर पार्ने गतिविधिमाथि नियन्त्रण गर्न जनप्रतिनिधि र स्थानीय समुदाय एकसाथ उभिएको उदाहरणका रूपमा बहादुरपुरको पहललाई लिइएको छ।

## एमालेमा...

भएको आन्तरिक छलफलमा ओलीले पुनर्गठन पक्षधर नेताहरूप्रति कडा टिप्पणी गर्दै संगठनात्मक अनुशासन र एकतामा जोड दिएका थिए।

यसैबीच, बागमती प्रदेशसहित अन्य जिल्लाका नेताहरूबीच देखिएको मतभेदले एमालेभित्र “पुनर्संरचना कि निरन्तरता” भन्ने मूल प्रश्न अझ स्पष्ट रूपमा उठाएको छ। केही नेताहरूले नेतृत्व परिवर्तन र पुनर्गठन आवश्यक रहेको बताए पनि अर्को समूहले नेतृत्वको निरन्तरतामा जोड दिएको छ।

स्रोतहरूका अनुसार आन्तरिक बहस अझै संगठनका अन्य प्रदेशसम्म फैलिने संकेत देखिएको छ। पार्टीभित्र देखिएको यो गतिविधिलाई आगामी निर्वाचन रणनीति मात्र नभई नेतृत्व र संगठनात्मक भविष्यसँग जोडेर हेरिएको छ।

## अतिक्रमण...

रोपिएको छ। बाँकी करिब आठ हेक्टर क्षेत्रमा रहेका ११ वटा घरटहराका कारण पुनः वन व्यवस्थापन कार्य प्रभावित हुँदै आएको छ।

वन संरक्षणसँगै अदालतको आदेश कार्यान्वयनको विषय जोडिएकाले यसपटक कुनै सम्झौता नगरिने वन कार्यालयको संकेत छ। वन क्षेत्र अतिक्रमण गरेर बसोबास, सार्वजनिक संरचना निर्माण तथा जग्गा कारोबारसमेत भएको तथ्य सार्वजनिक भइसकेकाले यो प्रकरणलाई बारा जिल्लाको सबैभन्दा चर्चित वन अतिक्रमण घटनामध्ये एक मानिन्छ।

अब सात दिनपछि वन कार्यालयले कस्तो कदम चाल्छ भन्ने विषयले स्थानीयस्तरमा चासो बढाएको छ। वन क्षेत्र फिर्ता गराउने सरकारी अभियान सफल हुने कि पुनः विवादमा तानिने भन्ने प्रश्नको उत्तर आगामी दिनमा स्पष्ट हुने देखिएको छ।

## संविधान...

उनले बढ्दो महँगी, खुम्चिँदो उद्योग-व्यापार र रोजगारीका अवसरमा आएको कमीले आमनागरिकको जीवन झन् कठिन बन्दै गएको उल्लेख गर्दै सरकार जनताका दैनिक समस्याप्रति संवेदनशील हुनुपर्ने धारणा राखे।

कार्यक्रममा लालबाबु राउत, जितेन्द्र सोनल, रमेश पटेल लगायतका नेताहरूको उपस्थिति रहेको थियो।

वीरगञ्जबाट व्यक्त गरिएको यादवको यो धारणा वर्तमान सरकारका प्राथमिकता र कार्यसम्पादनमाथिको राजनीतिक दबाबका रूपमा पनि हेरिएको छ।

## सीमा...

हुने गरेको दाबी पनि गरिएको छ। स्थानीयका अनुसार प्रसौनी मार्गदेखि लिएर विभिन्न अस्थायी प्रहरी पोष्ट र ईलाका प्रहरी कार्यालयसम्मका क्षेत्रमा “सेटिङ” मिलाएर तस्करी सहज रूपमा भइरहेको आशंका व्यक्त गरिएको छ। यद्यपि यी दाबीहरूको स्वतन्त्र पुष्टि भने हुन सकेको छैन।


त्यसैगरी मटिअर्वा क्षेत्रमा सशस्त्र प्रहरीको कमाण्डिङ संरचनामै तस्करी मौलाएको भन्दै स्थानीयले गम्भीर प्रश्न उठाएका छन्। धर्मनगर-बरेवा पावरहाउस हुँदै कलैया तथा उत्तरी क्षेत्रसम्म विभिन्न मार्गबाट नियमित रूपमा अवैध सामान ओसारपसार हुने गरेको उनीहरूको आरोप छ।

कुडवा, गञ्जभवानीपुर, चिउटाहा, लङ्गडा चोक, हरनहिया हुँदै कवहीदेखि बरियारपुरसम्म समेत मोटरसाइकल र चारपाङ्ग्रे सवारीमार्फत तस्करी व्यापक भएको स्थानीयको भनाइ छ।

सीमा क्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको नियमित गस्ती तथा चेकपोइन्ट भए पनि दैनिक लाखौँ रुपैयाँ बराबरको अवैध कारोबार नरोकिएको स्थानीयको आरोप छ। उनीहरूले माथिल्लो तहसम्म “सेटिङ” भएको आशंका पनि व्यक्त गरेका छन्। यता सुरक्षा निकायहरूले भने सीमामा कडाइ गरिएको, नियमित गस्ती र निगरानी भइरहेको तथा अवैध कारोबार नियन्त्रणका लागि प्रयास जारी रहेको बताउँदै आएका छन्। तर स्थानीय स्तरमा भने तस्करी नियन्त्रण प्रभावकारी नभएको गुनासो बढ्दै गएको छ।

स्थानीयवासीले सीमामा तत्काल कडाइ, निष्पक्ष अनुसन्धान तथा अवैध कारोबारमा संलग्न जो-कोहीमाथि कारबाहीको माग गरेका छन्। साथै, राजस्व चुहावट रोक्न कडा रणनीति अपनाउन सरकारलाई आग्रह गरेका छन्। प्रहरीले आरप भन्दै बचाउ गर्दै रेडिमेड जवाफ दिदै आएको हो। रौतहट प्रहरीले देखाएको सुरक्षाप्रतिको विश्वास बारा तस्करले हरायो सिग्नल पाएर सिमा नै टेण्डरमा लिएको दिनभरि हुने अबै धगतिविधिले मलजल गरिदिएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# एमालेमा तरंग: ओली “आक्रोशित”, पुनर्गठन पक्ष “उत्साहित”

***संवाहक संवाददाता***
***काठमाडौं, जेठ ३१***



नेकपा एमालेको बागमती प्रदेशस्तरीय जडीबुटी भेलापछि पार्टीभित्रको आन्तरिक शक्ति सन्तुलनबारे बहस थप तीव्र बनेको छ। निर्वाचन समीक्षा र पुनर्गठनको विषयमा नेताहरूबीच देखिएको मतभेदले अध्यक्ष केपी शर्मा ओली को प्रतिक्रिया र पुनर्गठन पक्षधर नेताहरूको उत्साहलाई एकैसाथ सतहमा ल्याएको छ।

भेलामा सहभागी अधिकांश नेता-कार्यकर्ताले पार्टीको वर्तमान संरचना र नेतृत्व शैलीबारे असन्तुष्टि जनाउँदै पुनर्गठनको आवश्यकता औंल्याएको बताइएको छ। स्रोतहरूका अनुसार करिब ८० प्रतिशत सहभागीले संगठन अहिलेको अवस्थामा अघि बढ्न कठिन हुने निष्कर्ष निकालेका थिए।

यसैबीच, उपाध्यक्ष पौडेल ले सामाजिक सञ्जालमार्फत जडीबुटीमा सम्पन्न निर्वाचन समीक्षा तथा सुझाव संकलन कार्यक्रम सफल भएको उल्लेख गर्दै पार्टी पुनर्गठन र वस्तुनिष्ठ मूल्यांकन आवश्यक रहेको बताएका छन्। उनले गुमेको जनमत र प्रतिष्ठा पुनःस्थापना गर्ने जिम्मेवारी पूरा गर्न सक्षम हुने अपेक्षा व्यक्त गरेका छन्।

त्यस्तै, महासचिव शंकर पोखरेल ले पनि जनभावनाको सम्मान गर्दै पार्टीलाई जनतासँग जोड्नुपर्ने धारणा सार्वजनिक गरेका छन्। उनको भनाइलाई केही नेताहरूले नेतृत्वको आलोचनात्मक सन्देशका रूपमा व्याख्या गरेका छन्। भेलाको निष्कर्ष सार्वजनिक भएपछि अध्यक्ष ओली असन्तुष्ट देखिएको स्रोतहरूको दाबी छ। उनी निकट नेताहरूका अनुसार गुण्डुमा

बाँकी तेस्रो पृष्ठमा

# धुलोबाट हैरान गाउँ, वडा अध्यक्षको पहलमा माटो ढुवानीमा रोक

***संवाहक संवाददाता***
***रौतहट, जेठ ३१***



धुलो प्रदूषणका कारण स्थानीय बासिन्दाको जनजीवन प्रभावित हुन थालेपछि रौतहटको कटहरिया नगरपालिका-४ बहादुरपुरमा माटो ढुवानीमा रोक लगाइएको छ। स्थानीयको स्वास्थ्य र स्वच्छ वातावरणलाई प्राथमिकता दिँदै वडा कार्यालयले गाउँभित्र भएर ट्याक्टरमार्फत माटो ओसारपसार नगर्न आग्रह गरेको हो।

पछिल्लो समय लालबकैया नदी आसपासबाट विभिन्न निर्माण तथा भरण कार्यका लागि माटो ढुवानी बढेसँगै बहादुरपुर गाउँको सडक धुलाम्मे बनेको थियो। सडक छेउका बस्तीमा बसोबास गर्ने नागरिकले धुलोका कारण श्वासप्रश्वाससम्बन्धी समस्या, दैनिक आवतजावतमा कठिनाइ तथा वातावरणीय असर भोग्नुपरेको गुनासो गर्दै आएका थिए।

स्थानीयको गुनासोलाई मध्यनजर गर्दै वडा अध्यक्ष चन्दन कुशवाहाले सूचना जारी गरी गाउँभित्रको सडक प्रयोग गरेर माटो ढुवानी नगर्न सम्बन्धित पक्षलाई अनुरोध गरेका छन्। सूचनामा जनस्वास्थ्य, वातावरण संरक्षण तथा सार्वजनिक हितलाई ध्यानमा राखिएको उल्लेख छ।

यसअघि आइतबार बिहान वडा अध्यक्ष कुशवाहाको पहलमा

बाँकी तेस्रो पृष्ठमा

# संविधान संशोधन र किसानका समस्या समाधानमा सरकार गम्भीर बनोस् : उपेन्द्र यादव

***संवाहक संवाददाता***
***वीरगञ्ज, जेठ ३१***




जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव ले संविधान संशोधन, सुकुम्बासी व्यवस्थापन र किसानका समस्या समाधानलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने बताएका छन्।

रिपोर्टर्स क्लब नेपाल, पर्सा शाखाले वीरगञ्जमा आयोजना गरेको विशेष साक्षात्कार कार्यक्रममा बोल्दै यादवले जनताको म्याण्डेटअनुसार सरकार अघि बढ्न नसकेको संकेत गर्दै राष्ट्रिय महत्वका विषयमा प्रभावकारी र परिणाममुखी कदम चाल्न आग्रह गरे।

उनले वर्तमान संविधानमा रहेका केही कमजोरी र अपूर्णताहरू सच्याउन संविधान संशोधन आवश्यक रहेको बताए। विशेषगरी मधेशी, आदिवासी जनजाति, दलित, महिला तथा सीमान्तकृत समुदायका अधिकारलाई थप सुनिश्चित गर्न संवैधानिक सुधार अपरिहार्य रहेको उनको भनाइ थियो।

यादवले दशकौंदेखि समाधानको प्रतीक्षामा रहेको सुकुम्बासी तथा भूमिहीनको समस्या अझै यथावत् रहेको उल्लेख गर्दै स्थायी समाधानका लागि स्पष्ट नीति र कार्ययोजना आवश्यक रहेको बताए। उनले भूमि सम्बन्धी विवाद र अव्यवस्थित बसोबासका समस्याले हजारौं परिवार प्रभावित भएको उल्लेख गरे।

कृषि क्षेत्रप्रति सरकारको ध्यान पर्याप्त नपुगेको टिप्पणी गर्दै यादवले किसानले अझै पनि मल, बीउ, सिँचाइ तथा उत्पादनको उचित मूल्यको समस्या झेलिरहेको बताए। “किसानलाई उत्पादनमा प्रोत्साहन र बजारमा सुनिश्चितता दिन सकिएन भने कृषि क्षेत्र थप संकटमा पर्न सक्छ,” उनले चेतावनी दिए।

बाँकी तेस्रो पृष्ठमा

# अतिक्रमण हटाउन वन कार्यालयको अन्तिम चेतावनी, ११ घरटहरालाई सात दिनको समय

***संवाहक संवाददाता***
***बारा, जेठ ३१***




बाराको निजगढ नगरपालिका-२ स्थित सिंगौल क्षेत्रमा वर्षौंदेखि विवादमा रहेको वन अतिक्रमण प्रकरणमा डिभिजन वन कार्यालय बाराले निर्णायक कदम चालेको छ। कार्यालयले अतिक्रमित वन क्षेत्रमा निर्माण गरिएका ११ वटा घरटहरा हटाउन सम्बन्धित व्यक्तिलाई सात दिनको अन्तिम अल्टिमेटम दिएको छ।

डिभिजन वन कार्यालयका अनुसार वनदेवी सामुदायिक वन उपभोक्ता समूहअन्तर्गत पर्ने कुल २१.००२४ हेक्टर राष्ट्रिय वन क्षेत्र अतिक्रमणमा परेको छ। अदालतको फैसला र वन ऐन, २०७६ अनुसार अतिक्रमण गरी बनाइएका संरचना हटाउने प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ।

वन कार्यालयले जारी गरेको सूचनामा तोकिएको अवधिभित्र घरटहरा स्वेच्छाले नहटाए कानुनबमोजिम डोजर लगाएर हटाइने, त्यसको खर्च सम्बन्धित व्यक्तिबाट असुल गरिने तथा थप कानुनी कारबाहीसमेत हुने चेतावनी दिइएको छ।

यो प्रकरण नयाँ भने होइन। करिब एक दशकअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीपछि सुरु भएको अनुसन्धानले वन क्षेत्र अतिक्रमण, जग्गा बाँडफाँड, खेतीपाती, ठेक्का व्यवस्थापन र किनबेचसम्मका गतिविधि उजागर गरेको थियो। त्यसपछि सरकारी वकिल कार्यालयमार्फत ३५ जनाविरुद्ध मुद्दा दायर भएको थियो।

अदालतले केही व्यक्तिलाई दोषी ठहर गर्दै जरिवाना र सजाय सुनाएको थियो भने दोषीबाट पाँच लाख २५ हजार रुपैयाँ जरिवाना असुल भइसकेको वन कार्यालयले जनाएको छ।

वन कार्यालयका अनुसार अतिक्रमित क्षेत्रमध्ये करिब १३ हेक्टरमा यसअघि नै तारबार गरी २० हजार ८०० भन्दा बढी बिरुवा

बाँकी तेस्रो पृष्ठमा

# खेतलाई “स्टोर” बनाउँदै लागुऔषध तस्कर, पर्सामा १०० किलो गाँजा बरामद

***संवाहक संवाददाता***
***वीरगञ्ज, जेठ ३१***




पर्साको जगरनाथपुर गाउँपालिकामा १०० किलो गाँजा बरामद भएको घटनाले सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध तस्करहरूले नयाँ शैली अपनाउन थालेको संकेत दिएको छ। सुरक्षा निकायले खेतमा लुकाइराखिएको अवस्थामा ठूलो परिमाणको गाँजा फेला पारेपछि तस्करी सञ्जालको गतिविधिप्रति चासो बढेको छ।

जिल्ला प्रहरी कार्यालय पर्सा र सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरको संयुक्त टोलीले जगरनाथपुर गाउँपालिका-३ मुरैयाचोकस्थित खेतमा पाँच वटा चामलको बोराभित्र लुकाइछिपाइ राखिएको १०० किलो गाँजा बरामद गरेको हो। प्रहरी स्रोतका अनुसार पछिल्लो समय तस्करहरूले लागुऔषधलाई सिधै गन्तव्यसम्म पुर्‍याउनु अघि सुरक्षित स्थानमा अस्थायी रूपमा लुकाएर राख्ने रणनीति अपनाउने गरेका छन्। खेत, बगैंचा तथा सुनसान क्षेत्रलाई ‘स्टोर प्वाइन्ट’ का रूपमा प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको देखिएको छ। यस घटनामा पनि गाँजा बेवारिसे अवस्थामा फेला परेकाले तत्काल ओसारपसारको तयारीमा राखिएको हुनसक्ने अनुमान गरिएको छ। खुला सीमा र ग्रामीण भूगोलका कारण पर्सा क्षेत्र लामो समयदेखि अवैध कारोबारको जोखिममा रहँदै आएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले गाँजा कसले, कहाँबाट ल्याएर राखेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिए। घटनामा संलग्न व्यक्तिको पहिचान र पक्राउका लागि प्रहरी परिचालन गरिएको उनले बताए।

सुरक्षा विज्ञहरूका अनुसार यस्ता घटनाले सीमावर्ती क्षेत्रमा लागुऔषध नियन्त्रणका लागि केवल नाकामा कडाइ मात्र पर्याप्त नहुने देखाएको छ। गाउँस्तरमा सूचना सञ्जाल बलियो बनाउनु, स्थानीय समुदायको सहभागिता बढाउनु र सुनसान क्षेत्रको नियमित निगरानी आवश्यक देखिएको छ। १०० किलो गाँजा बरामद हुनु प्रहरीका लागि सफलता भए पनि यसको पछाडि रहेको तस्करी सञ्जाल पत्ता लगाउनु अझ ठूलो चुनौतीका रूपमा रहेको छ।

# जितपुरमा स्कुटर दुर्घटना : एक किशोरीको मृत्यु, अर्की घाइते

***संवाहक संवाददाता***
***बारा, जेठ ३१***


बाराको जितपुरसिमरा उपमहानगरपालिका-७ भगिरथ लाइनस्थित वीरगञ्ज-पथलैया सडकखण्डमा शनिबार स्कुटर दुर्घटना हुँदा एक किशोरीको मृत्यु भएको छ भने अर्की घाइते भएकी छन्। दिउँसो करिब १२:१० बजे जितपुरबाट सिमरातर्फ जाँदै गरेको मधेश प्रदेश ०३-०३९ प २६८६ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई दुर्घटनामा परेको प्रहरीले जनाएको छ। दुर्घटनामा स्कुटर चालक जितपुरसिमरा उपमहानगरपालिका-१७ रामनगर निवासी बासुदेव मोक्तानकी १६ वर्षीया छोरी सुप्रिया मोक्तान गम्भीर घाइते भएकी थिइन्। टाउकोसहित शरीरका विभिन्न भागमा गम्भीर चोट लागेकी उनको उपचारका क्रममा परवानीपुरस्थित एलएस न्युरो अस्पतालमा अपराह्न ३:३४ बजे मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यसैगरी स्कुटरको पछाडि सवार सोही स्थान निवासी स्वर्गीय तिलकबहादुर रुम्बाकी १६ वर्षीया छोरी सुप्रिया रुम्बा घाइते भएकी छन्। उनको अनुहार, बायाँ हात तथा दुवै खुट्टामा चोट लागेको र अवस्था मध्यम रहेको जनाइएको छ। उनको सोही अस्पतालमा उपचार भइरहेको छ।

दुर्घटनाग्रस्त स्कुटर इलाका प्रहरी कार्यालय जितपुरको नियन्त्रणमा रहेको छ। घटनास्थलमा प्रहरी सहायक निरीक्षक तेजनारायण बैठाको नेतृत्वमा प्रहरी टोली खटिएको थियो।

मृतकको शव हाल एलएस न्युरो अस्पतालमै राखिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय जितपुरले जनाएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।